मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १०० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख १३ गते आइतबार ❑ 26 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पोखरा १३ मा दोस्रो साहित्य पर्व-२०८३

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख



पोखराको सांस्कृतिक र साहित्यिक गतिविधिलाई थप सशक्त बनाउने उद्देश्यसहित दोस्रो साहित्य पर्व-२०८३ भएको छ।

पोखरा महानगरपालिका वडा नं. १३ को आयोजनामा वडा कार्यालय परिसरमा साहित्य पर्व भएको हो। उक्त कार्यक्रमको लेखक तथा पत्रकार नारायण वाग्लेले उद्घाटन गरेका हुन्। यस साहित्य पर्वलाई स्थानीयस्तरमै सिर्जनात्मक अभिव्यक्ति र बौद्धिक छलफलको साझा मञ्चका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ।

कार्यक्रममा लेखक तथा पत्रकार वाग्लेले आफ्नो लेखन क्षेत्रको प्रेरणाको स्रोत पुस्तकाल रहेको बताए । उनले पुस्तका पुग्दा आफ्नै घर पुगे जस्तो अनुभुती हुने सुनाए । 'लेखक हुन मलाई हुटहुटी बढाएको त्यो पुस्तकालय नै हो, मेरो जन्मस्थान नै पुस्तकालय हो,' उनले भने, ' जब पुस्तकहरूको वरिपरि मैले पढ्न थालेँ, तब मेरो युवाकालमै मलाई लेखक भन्ने हुटहुटी भयो । त्यसकारण म जहिले पनि पुस्तकालय भन्ने बित्तिकै म रोमाञ्चित हुनु, आफ्नो घर आएको जस्तो फिलिङ हुनु, त्यो सबैभन्दा ठूलो परिवेश हो ।'

साहित्यमा सिर्जना गर्न स्वतन्त्र रुपमा लाग्नुपर्नेमा उनको जोड थियो। स्वतन्त्र हुनको लागि आफ्नो संघर्ष आफैले गर्नुपर्ने उनले बताए। 'सिर्जना हुन शब्दै चाहिन्छ भन्ने पनि होइन। सुलेली, सुरेली, लय, भाका सबै सिर्जना हुन्,' उनले भने, 'त्यो सिर्जना हुनलाई आफै स्वतन्त्र हुनुपर्‍यो। सिर्जनाशील हुनलाई म स्वतन्त्र हुनुपर्‍यो। त्यसकारण म स्वतन्त्र हुनको लागि मेरो आफ्नो संघर्ष मैले आफैँ गर्नुपर्छ।' कार्यक्रममा अग्रज कार्टुनिष्ट दुर्गा बराल 'वात्स्यायन'ले यस प्रकारका कार्यक्रमले साहित्यमार्फत् समाजमा सकारात्मक परिवर्तन ल्याउने, सिर्जनशीलता अभिवृद्धि गर्ने र स्थानीय प्रतिभालाई पहिचान तथा प्रोत्साहन गर्ने बताए। अलि मियाँ जन्मथलो मियाँपाटनमा भएको साहित्यिक कार्यक्रमले साहित्य, कला र सांस्कृतिक विविधता प्रस्तुत गरेको उनको भनाइ थियो । कार्यक्रमले स्थानीय बासिन्दा मात्र नभई पोखरा तथा आसपासका क्षेत्रका साहित्यप्रेमीहरूका लागि पनि महत्वपूर्ण आकर्षण बनेको उनको भनाइ थियो। कार्यक्रमको पहिलो सत्रमा 'बितेका पाइला र आउने बाटा : पोखराका युगपुरुषहरुको पदचापमा' शीर्षकमा पत्रकार शोभाकान्त सिग्देलले पत्रकार पुण्य पौडेलसँग भलाकुसारी गरेका थिए । जहाँ पोखरा १३ लोककवि अलिमियाँ, स्व. जगन्नाथ सिग्देल, स्व. टेकबहादुर ढेवाजुको योगदानको चर्चा भएको थियो । भने, अब आउने युवाले दिनसक्ने योगदानका बारेमा चर्चा गरिएको थियो। दोस्रो सेसनमा 'अक्षरदेखि अल्गोरिदमसम्म : हाम्रो अबको शिक्षा र बदलिदो समाजको स्वरुप' विषयमा भौतिकशास्त्री डा. कपिल अधिकारीसँग डा. रामचन्द्र बराल गफिएका थिए । उक्त सेसनमा डा. अधिकारीले सामाजिक सञ्जालको एल्गोरिदमले मानिसको आनीबानीलाई जिन्सी सामान जस्तो बनाइदिएको बताए । उनले सामाजिक सञ्जालले मानिसले गर्ने दैनिकीलाई डाटामा परिवर्तन गरेर त्यसलाई सित्तैमा लिएर एल्गोरिदमले काम गरिरहेको उनले सुनाए। अर्को सत्रमा पत्रकार अनिशा श्रेष्ठले व्यावसायी नारायण पौडेल र समेसराज भण्डारीसँग उद्यमी र नवउद्यमीका विषयमा कुराकानी गरिन् । यो सत्रमा नेपालमै रोजगारीको संभावनाको खोजीका विषय उठान भएका थिए । जसका लागि सरकारले सही नीति बनाउनुपर्नेमा जोड दिइएको थियो । चौथो सत्रमा मा 'साहित्यमा नारीको प्रतिनिधित्व' शीर्षकको सेसनमा सहजकर्ता हसिना बस्नेतसँग साहित्यकार सरस्वती प्रतिक्षाले भलाकुसारी गरेकी थिइन् । साहित्य क्षेत्रमा महिलाको उपस्थितीसँगै चर्चा र चुनौतीका विषयमा छलफल गरिएको थियो । साहित्य पर्वको अन्तिम सत्रमा पत्रकार अमृत सुवेदी र गायक विनोद श्रेष्ठले संगिताका विषयमा कुरा गरेका थिए । कन्दरा ब्यान्ड र पोखराको संगीतका बारेमा गफिएपछि कार्यक्रम सकिएको कार्यक्रम संयोजक संयोजक राजेन्द्र भण्डारीले जानकारी दिए। वडाध्यक्ष किरण बरालले विकास निर्माण र वडावासीको गुनासो सम्बोधनबाट थोरै समय बचाएर दोस्रोपटक साहित्य पर्व गरिएको बताए । यसलाई समयानुसार परिमार्जन गर्दै लगिने प्रतिबद्धता उनले जनाए।

कार्यक्रममा उपस्थितलाई स्वागत गर्दै वडा सदस्य रजनी परियारले वडाले भाषा, साहित्य, कलालाई पनि विकासको एउटा माटो मान्दै साहित्यको कार्यक्रम आयोजना गरिएको बताइन् । आगामी दिनमा यो खालको कार्यक्रमलाई अझै व्यवस्थित बनाउँदै लैजाने उनको भनाइ थियो। कार्यक्रमा स्थानीय साहित्यकार, कलाकार तथा चित्रकारहरुको पनि उल्लेखनीय सहभागिता थियो । कार्यक्रममा साहित्यकारहरु सरस्वती श्रेष्ठ 'सरु' धर्मराज अल्पायु, चन्द्रावती वाग्ले, कुशल गौतमले रचना वाचन गरिएका थिए। गायिका हरिदेवी कोइरालाले अलिमियाले संकलन गरेको 'आकाशमा बादलु डम्मै छ' बोलको गीत प्रस्तुत गरेकी थिइन्। कार्यक्रममा कलाकार जित गुरुङ र कृपा श्रेष्ठको चित्र प्रदर्शनी गरिएको थियो। यस्तै भद्रकाली माविका विद्यार्थी र नवदुर्गा टोल विकास संस्थाको आमा समूहले नृत्य पनि प्रस्तुत गरेका थिए।

## कोरला नाका: पूर्वाधार निर्माण तथा व्यवस्थापन गर्नुपर्नेमा जोड


**पोखरापत्र संवाददाता**
मुस्ताङ, १२ बैशाख

मुस्ताङको उत्तरी कोरला नाका (नेपाल-चीन) मा आवश्यक भौतिक पूर्वधार निर्माण तथा व्यवस्थापन प्रभावकारी रूपमा गर्नुपर्ने जोड दिइएको छ । शुक्रबार यहाँ आयोजित नवौं अन्तरपालिका जिल्लास्तरीय समन्वयात्मक बैठकमा यहाँका कोरला नाकालाई प्राथमिकतामा राखेर आवश्यक भौतिक संरचना निर्माण तथा आयात/निर्यातलाई सहज बनाउनेतर्फ जोड दिइएको हो।

पाँच पालिकाले सरकारले कोरला नाकालाई व्यवस्थित गराउँदै आयत/निर्यात थप प्रभावकारी बनाउनुपर्ने माग गरेका हुन् । जिल्ला समन्वय समिति मुस्ताङको समन्वय तथा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आयोजनामामनाङ-मुस्ताङपदमार्ग थोरलाफेदीमा अन्तरपालिका समन्वय बैठक आयोजना गरिएको थियो । उक्त अन्तरपालिका बैठकले कोरला नाका पूर्णरूपमा सञ्चालन भइसकेको अवस्थामा नाका क्षेत्रमा आवश्यक भन्सार, सुक्खा बन्दरगाह, एकीकृत सुरक्षा पोस्टलगायत भौतिक संरचना निर्माण हुन नसकेकाले जिल्ला समन्वय समितिमार्फत सरकारको ध्यानाकर्षण गराउने निर्णय गरिएको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिनजिन नामगेल गुरुङले जानकारी दिनुभयो। समन्वयात्मक बेठकले कोरला नाका सञ्चालन भइरहेकाले आयात/निर्यातलाई थप व्यवस्थित र प्रभावकारी बनाउन पशु तथा कृषि क्वारेन्टाइन कार्यालय स्थापना गर्न र नाकामा आवश्यक जनशक्ति व्यवस्थापन गराउन सरकारसमक्ष माग गर्ने निर्णय भएको अध्यक्ष गुरुङले बताउनुभयो । जिल्लामा रहेका समसामयिक समस्या, चुनौती र सामधानका विकल्प पहिचान गर्ने उद्देश्यले आयोजना भएको समन्वयात्मक बैठकमा मुस्ताङलाई अर्गानिक खेतीको जिल्ला घोषणा गर्न रासायनिक मलको आपूर्तिलाई निरुत्साहित गर्दै लैजाने निर्णय गरिएको अध्यक्ष गुरुङले उल्लेख गर्नुभयो। यहाँको स्याउसहित अन्य स्थानीय (रैथाने) अन्नबालीमा अघोषित रूपमा रासायनिक मलको प्रयोग भइरहेकाले मुस्ताङको अर्गानिक पहिचानलाई प्रतिकूल असर पुर्‍याउने भन्दै अर्गानिक खेतीको जिल्ला घोषणा गरी सोहीअनुसार किसानलाई जानकारी उपलब्ध गराइने उहाँको भनाइ छ । रासायनिक मलको प्रयोगले मानव स्वास्थ्यमा प्रतिकूल असर पुर्याउने, माटोको उर्बराशक्तिमा ह्रास पुर्याउने र आम उपभोक्ताको स्वास्थ्यमा नकारात्मक असर पुर्याउने भएकाले चालु आर्थिक वर्षको असारसम्ममा रासायनिक मल आयात गर्ने व्यापारी तथा प्रयोगकर्ता किसानलाई सोको प्रयोगमा निरुत्साहित गर्न विभिन्न सचेतामूलक कार्यक्रम सञ्चालन गरिने निर्णय भएको अध्यक्ष गुरुङले जानकारी दिनुभयो।

उहाँका अनुसार मुस्ताङमा २०३२ सालमा नापी हुँदा थोरै क्षेत्रफल मात्र भएको, बसोबास रहेको क्षेत्र नापी हुन नसकेकाले यसको दीर्घकालीन समस्या समाधानका लागि विभागबाट नापी गोश्वारा खटाएर प्रविधिमैत्री नापीका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय भएको छ।

घरपझोङ गाउँपालिकाले आयोजना गर्ने भनिएको जलवायु सम्मेलनलाई मुस्ताङका अन्य पालिकाले अपनत्व ग्रहण गर्दै सामूहिक एक्येबद्धता जनाउन सहलगानी गर्ने निर्णय गरिएको अध्यक्ष गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार जलवायु सङ्कटले समग्र मुस्ताङ जिल्लाको आर्थिक, सांस्कृतिक, भौतिक, जैविक विविधतालगायत क्षेत्रमा प्रतिकूल असर पुर्‍याएको उल्लेख गर्दै जलवायु सङ्कटसँग जुध्दै अघि बढ्ने गरी विश्व समुदायकको ध्यानाकर्षण गर्नुपर्ने आवश्यकता रहेको औँल्याइएको छ। जिल्ला समन्वय समिति मुस्ताङको समन्वयमा आयोजित बैठकमा यहाँका पाँचवटै पालिकाका अध्यक्ष/उपाध्यक्ष एवं प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति थियो । जिल्लाका समस्या र चुनौतीको समाधानका लागि एउटै मञ्चमा उभिएर साझा अवधारणा तय गर्ने संस्कृतिको विकास गरिएको अध्यक्ष गुरुङले बताउनुभयो । यसप्रकारको अन्तरपालिकासमन्वयात्मकबैठकले असल अभ्यास र सुशासन प्रवर्द्धनमा योगदान पुर्‍याउने उहाँले विश्वास व्यक्त गर्नुभयो।




## बालश्रमसम्बन्धी ऐनलाई कार्यान्वयनयोग्य बनाउन विभिन्न सुझाव पेस

**रासस**
काठमाडौं, १२ बैशाख

बालअधिकार, श्रमिक अधिकार र सामाजिक न्यायका क्षेत्रमा क्रियाशील नागरिक संस्थाहरूले बालश्रम अन्त्यका लागि बालश्रमसम्बन्धी ऐनलाई कार्यान्वयनयोग्य बनाउन आग्रह गरेका छन्।

बालश्रम निषेध तथा नियमित गर्ने ऐन, २०५६ लाई प्रतिस्थापन गर्न तयार गरिएको विधेयक, २०८३ को मस्यौदामाथि सुझाव प्रस्तुत गर्दै ती संस्थाहरूले यस्तो आग्रह गरेका हुन् । विभिन्न १७ वटा नेटवर्क, बालश्रम विज्ञ, सातै प्रदेशमा कार्यरत एक सयभन्दा बढी सामाजिक संस्थाका प्रतिनिधिबीच बृहत्त छलफल गरी शुक्रबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय उक्त सुझाव लिखित रूपमै हस्तान्तरण गरिएको राष्ट्रिय बाल संरक्षण सञ्जालका अध्यक्ष मधु गुरुङ जानकारी दिनुभयो।

मन्त्रालयमा आयोजित एक कार्यक्रममा राष्ट्रिय कार्य समन्वय समितिका अध्यक्ष ऋतु भट्ट राई, राष्ट्रिय बाल संरक्षण सञ्जालका अध्यक्ष गुरुङ, सिएओ फोरम बागमती प्रदेश संयोजक एवं जिएनबी नेपालका अध्यक्ष प्रकाश खतिवडा र बाल सल्लाहकार परिषद्का अध्यक्ष धरिन्द्र बिसीलगायतले संयुक्त रूपमा सुझावपत्र हस्तान्तरण गरेका उहाँले बताउनुभयो।

"मन्त्रालयले वेवसाइटमार्फत आमनागरिक तथा सरोकार भएकाहरूसँग सुझाव आह्वान गरेपछि देशभर बालश्रम क्षेत्रमा कार्यरत एक सयभन्दा बढी संस्थाका प्रतिनिधि, बालश्रमिक, पूर्वबाल श्रमिक र बालबालिकाको सहभागितामा व्यापक छलफल गरी मस्यौदामा सुझाव सङ्कलन गरिएको थियो", सञ्जालका अध्यक्ष गुरुङले भन्नुभयो, "दिगो विकास लक्ष्य ८ (७) का लागि नागरिक मञ्च, राष्ट्रिय बाल संरक्षण सञ्जाल तथा राष्ट्रिय कार्य समन्वय समूहको समन्वयमा सम्पन्न छलफलमा ट्रेड युनियन, अन्तरराष्ट्रिय संस्था तथा विकास साझेदारहरूको समेत सक्रिय सहभागिता रहेको थियो ।" जिएनबी नेपालका अध्यक्ष खतिवडाले १७ वटा नेटवर्क, बालश्रमका विज्ञ, सातै प्रदेशमा कार्यरत सामाजिक संस्था, ट्रेड युनियन तथा कार्पेट उद्योग, इँट्टाभट्टा, घरेलु श्रम र मनोरञ्जन क्षेत्रका बालश्रमिकसँग गरिएको विस्तृत परामर्शका आधारमा साझा सुझाव तयार पारिएको जानकारी दिनुभयो । उहाँले विधेयकलाई समयानुकूल, बालअधिकारमैत्री र कार्यान्वयनयोग्य बनाउन नागरिक समाजले एकीकृत रूपमा सुझाव दिइएको बताउनुभयो । राष्ट्रिय कार्य समन्वय समितिका अध्यक्ष भट्टराईले मस्यौदामा बालश्रम नियन्त्रण, अनुगमन संयन्त्र सुदृढीकरण, दण्ड व्यवस्था परिमार्जन तथा पीडित बालबालिकाको पुनर्स्थापना र सामाजिक सुरक्षा सुनिश्चितता जस्ता विषयलाई विशेष जोड दिइएको बताउनुभयो।

बाल सल्लाहकार परिषद्का अध्यक्ष बिसीले सातै प्रदेशका बालश्रमिक तथा बाल क्लबमा आबद्ध बालबालिकाको आवाज सुझावपत्रमा समेटिएको उल्लेख गर्दै बालबालिकाको अनुभवका आधारमा कानुन निर्माण हुनु आवश्यक रहेको बताउनुभयो।

सुझावपत्र ग्रहण गर्दै सहसचिव आचार्य र उपसचिव शर्माले नागरिक संस्थाहरूले प्रस्तुत गरेका सुझावलाई मन्त्रालयले ऐनमा समेट्न पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

# पोखरा रात्रिकालीन सडक दौडलाई नयाँ ब्राण्डका रूपमा स्थापित गर्न सुझाव

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

"जाग्छ पोखरा, दौडाउँछ पोखरा" मूल नाराका साथ पोखरामा गत चैत्र २८ गते आयोजना पोखरा रात्रिकालीन सडक दौड (पोखरा नाइट स्ट्रिट रेस) प्रतियोगिता २०८३ लाई पोखराको नयाँ ब्राण्डका रूपमा विकास गर्न सरोकारवालाहरूले जोड दिएका छन् ।

शनिबार पोखरा-१७, दोबिल्लास्थित सहारा एकेडेमी परिसरमा आयोजित समीक्षा तथा शुभकामना एवं मैत्रिपूर्ण फुटबल कार्यक्रममा सहभागी वक्ताले प्रतियोगितालाई अझ व्यवस्थित, प्रभावकारी र अन्तर्राष्ट्रियस्तरको बनाउन सुझाव दिएका हुन् ।



कार्यक्रमलाई सम्बोधन गर्दै पोखरा महानगरपालिका वडा नं. ९ का वडाध्यक्ष दिपेन्द्र मर्सानीले पत्रकारहरूलाई नयाँ र सिर्जनशील कार्यक्रम ल्याउन आग्रह गर्दै आफ्नो वडाको पहिचान झल्किने कुनै पनि कार्यक्रमलाई आवश्यक साथ र सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले पोखरा रात्रिकालीन सडक दौड नयाँ इभेन्ट भएकाले यसको निरन्तरताका लागि आगामी आर्थिक वर्षको बजेटमा पाँचलाख रुपैयाँ विनियोजन गरिने जानकारी दिए । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालले सञ्चार गृहद्वारा इभेन्ट आयोजना गर्नु प्रशंसनीय कार्य भएको भन्दै यसको निरन्तरतामा जोड दिए । जिल्ला खेलकुद विकास समिति कास्कीका उपाध्यक्ष तिलक क्षत्रीले प्रतियोगिता पोखराका लागि नयाँ सम्भावनाको ढोका खोल्ने इभेन्ट भएको उल्लेख गर्दै आवश्यक सहयोग गर्ने बताए । पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले नयाँ इभेन्टलाई वार्षिक क्यालेन्डरमा समावेश गरी समयमै व्यापक प्रचारप्रसार गर्नुपर्ने सुझाव राखे । सहारा क्लब पोखराका अध्यक्ष केशवबहादुर थापाले पोखरा क्लिक र पोखरा प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा आयोजना गरिएको मैत्रीपूर्ण फुटबल खेलले खेल पर्यटन प्रवर्द्धनमा टेवा पुगेको बताए । उनले सहारा एकेडेमीमा हाल १६ जिल्लाका ३० जना बालक रहेको र सूर्यबहादुर केसी स्मृतिमा वार्षिक १५ लाख रुपैयाँ केसी परिवारबाट सहयोग प्राप्त भइरहेको उल्लेख गरे ।

सहारा क्लबका मानार्थ सदस्य महेश गुरुङले यस्तो महत्वपूर्ण इभेन्टबारे आफूहरूलाई जानकारी नहुनु दुःखद भएको बताउँदै यसलाई पोखराको "ड्रिम प्रोजेक्ट" का रूपमा अघि बढाउन आग्रह गरे । प्रतियोगिताका रेस डाइरेक्टर ओम गुरुङले नेपालसहित पाँच देशका १४५ धावकको सहभागिता रहेको जानकारी दिँदै सुरुआती चरणमा केही कमजोरी देखिए पनि आगामी दिनमा सुधार गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबी आस्था, फोटो पत्रकार संघ कास्कीका अध्यक्ष राम गुरुङ, पत्रकार शिवराज बस्ताकोटी र रोजी श्रेष्ठ लगायतले समापन कार्यक्रम छरितो र ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । पोखरा प्रवर्द्धन केन्द्रका अध्यक्ष दीननाथ बरालले प्राप्त सुझावलाई मनन गर्दै आगामी संस्करणलाई अझ परिस्कृत र उत्कृष्ट बनाउने बताए । केन्द्रका उपाध्यक्ष असफल गौतमले रातिको समयमा पनि खेल गतिविधि सम्भव छ भन्ने सन्देश दिन र खेल पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको स्पष्ट पारे । यसै अवसरमा पोखरा क्लिकद्वारा प्रकाशित नयाँ वर्षको भित्तेपात्रो समेत सार्वजनिक गरिएको छ । कार्यक्रमसँगै सहारा एकेडेमीको फुटबल मैदानमा शनिबार सम्पन्न मैत्रीपूर्ण फुटबल खेलमा सहारा क्लबले पोखरा क्लिकको टोलीलाई ४-६ गोल अन्तरले पराजित गर्दै जित हासिल गर्यो ।

पोखरा महानगरपालिका वडा नं. ९ को समन्वय र प्रदेश खेलकुद परिषद् गण्डकीको सहकार्यमा सम्पन्न उक्त प्रतियोगितामा मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर हस्पिटल पार्टनर तथा नेलम्बो नेपाल मेडिकल पार्टनरका रूपमा रहेका थिए । प्रतियोगिताका प्रबर्द्धकका पोखरा महानगरपालिका र पोखरा भ्रमण वर्ष २०२५/०२६ तथा विभिन्न संघसंस्था र सरोकारवालाको सहकार्य रहेको ५ किलोमिटरको दौड बाराहीघाटबाट शुरु भएर महेन्द्रपुल अन्तराष्ट्रिय झण्डा पार्कको फल्चामा समापन भएको थियो । कार्यक्रममा सहारा क्लबका पूर्व अध्यक्ष विक्रम थकाली, हरिराम गुरुङ (सुरज) मानार्थ सदस्यहरु जयलाल पुन, खेम बहादुर गुरुङ, मुछेत्र गुरुङ, सल्लाहकार डा.रविन्द्र श्रेष्ठ, पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दीपक बहादुर गोदार, नेलम्बो नेपालका अध्यक्ष एकदेव देवकोटा, सामुदायिक प्रहरी सेवा केन्द्र पृथ्वीचोकका अध्यक्ष कुमारी मुना बाँस्तोला, एन्फा कास्कीका अध्यक्ष उज्ज्वल रञ्जित, संगम क्लबका अध्यक्ष नरेन्द्रजंग गुरुङ, ड्याम साइड क्लबका पूर्व अध्यक्ष पदम बहादुर ढकाल लगायतको उपस्थिति रहेको थियो ।

# मोती खेती तालिम सम्पन्न, व्यवहारमा उतार्न कृषकलाई आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) अन्तर्गत मत्स्य अनुसन्धान केन्द्र, वेगनास, पोखराको आयोजनामा सञ्चालित दुई दिने कृषकस्तरीय मोती खेती तालिम सम्पन्न भएको छ ।



कृषकलाई लक्षित गरी सञ्चालन गरिएको उक्त तालिमले स्थानीय स्तरमा नयाँ प्रविधि भित्र्याउने, सीप अभिवृद्धि गर्ने तथा आयआर्जनका वैकल्पिक स्रोत विस्तार गर्ने लक्ष्य लिएको थियो । तालिमको समापन समारोहमा बोल्दै प्रमुख अतिथि नार्कको डाइरेक्टर डा. निना अमात्य गोर्खालीले मोती खेतीलाई विज्ञानमा आधारित, सम्भावनायुक्त र दिगो व्यवसायका रूपमा व्याख्या गर्नुभयो । उहाँले प्राकृतिक स्रोतको सदुपयोग गर्दै मोती उत्पादन गर्न सकिने र यसले आर्थिक तथा वातावरणीय दुवै लाभ दिने बताउनुभयो। "मोती खेतीमा समस्या आएमा नार्कले प्राविधिक सहयोग उपलब्ध गराउँछ, हाम्रो काम ज्ञानलाई पूर्णता दिनु हो," उहाँले भन्नुभयो । कार्यक्रमका अध्यक्ष तथा मत्स्य अनुसन्धान केन्द्र पोखराका वरिष्ठ वैज्ञानिक डा. मोहम्मद इकवाल हुसेनले तालिमबाट प्राप्त ज्ञान व्यवहारमा उतार्न सके मात्र यसको वास्तविक उपलब्धि देखिने धारणा राख्नुभयो । उहाँले रूपाताल क्षेत्रलाई मोती उत्पादनको केन्द्रका रूपमा विकास गर्ने दीर्घकालीन योजना रहेको जानकारी दिँदै स्थानीय सिपीको संरक्षण, प्रजनन विस्तार तथा दिगो उपयोगमा जोड दिनुपर्ने बताउनुभयो । उहाँका अनुसार पछिल्लो समय स्थानीय सिपीको संख्या घट्दै गइरहेको छ, जसले जैविक विविधतामा समेत असर पारिरहेको छ। त्यसैले मोती खेतीसँगै सिपी संरक्षणलाई प्राथमिकता दिनुपर्ने उहाँको भनाइ थियो। साथै, कृषकलाई नवीन उद्यमशीलतामा जोड्दै व्यावसायिक रूपमा मोती उत्पादनतर्फ उन्मुख हुन आग्रह गर्नुभयो । तालिममा सहभागी कृषकहरूले सैद्धान्तिक ज्ञानसँगै व्यवहारिक अभ्यासमार्फत महत्वपूर्ण सीप हासिल गरेका थिए। प्रशिक्षण अवधिमा ताजा पानीमा पाइने सिपीको पहिचान, पालन-पोषण, न्यूक्लियस प्रत्यारोपण प्रक्रिया तथा त्यसपछि आवश्यक हेरचाहका विधिहरू सिकाइएको थियो । यी प्रक्रिया अत्यन्तै संवेदनशील हुने भएकाले दक्षता र सावधानी आवश्यक पर्ने प्रशिक्षकहरूले बताएका थिए । मोतिपालक कृषक कविराज खनाल, ढकबहादुर थापा, र कृषक सितादेवी डुम्रे लगायतले तालिमबाट आफूहरूमा नयाँ ऊर्जा र आत्मविश्वास थपिएको अनुभव व्यक्त गर्नुभयो । उनीहरूले मोती खेतीलाई वैकल्पिक आयस्रोतका रूपमा विकास गर्ने प्रतिबद्धता जनाउँदै आगामी दिनमा व्यवहारमा उतार्ने बताएका छन् । कार्यक्रममा तालिममा सहभागी कृषकहरूलाई प्रमुख अतिथिद्वारा प्रमाणपत्र वितरण गरी सम्मान गरिएको थियो। कार्यक्रमको संयोजन वेगनास मत्स्य अनुसन्धान केन्द्रकी भगवती थापाले गर्नुभएको थियो । समापन समारोहमा वक्ताहरूले मोती खेतीले विज्ञान, सीप र दिगो जीविकोपार्जनलाई एकैसाथ जोड्ने उल्लेख गर्दै यसले ग्रामीण अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउन सक्ने विश्वास व्यक्त गरे । तालिमलाई केवल सैद्धान्तिक सीमामा नराखी व्यवहारिक अभ्यासमा केन्द्रित गरिएको र सहभागीहरूको आत्मविश्वास अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गरिएको आयोजकले जनाएको छ । आयोजक संस्थाले आगामी दिनमा पनि प्राविधिक सहयोग, अनुगमन तथा परामर्श उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दै सहभागीहरूलाई सिकेका सीप आफ्ना समुदायमा विस्तार गर्न आग्रह गरेको छ। साथै, मोती खेतीलाई नयाँ सम्भावनायुक्त व्यवसायका रूपमा स्थापित गर्दै लेखनाथ तथा आसपासका क्षेत्रलाई मोती उत्पादनको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ । वक्ताहरूले तालिमको सफलता सहभागीहरूको व्यवहारिक उपलब्धि, उत्पादन वृद्धि र समाजमा पार्ने सकारात्मक प्रभावबाट मापन हुने उल्लेख गर्दै यसलाई मोती खेतीतर्फको नयाँ यात्राको सुरुवातका रूपमा लिनुपर्ने धारणा व्यक्त गरेका छन् ।

# दशनामी समाज महिला केन्द्रीय समितिको अधिवेशन पोखरामा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

नेपाल दशनामी समाज महिला केन्द्रीय समितिको अधिवेशन बैशाख अन्तिम साता पोखरामा हुने भएको छ ।अधिवेशन वैशाख २६ गते पोखरामा आयोजना हुने भएको हो ।



अधिवेशनलाई भब्य र सभ्य रुपमा सम्पन्न गर्न गठित मुल आयोजक समितिका संयोजक एंव दशनामी समाजका केन्द्रीय उपाध्यक्ष सरस्वती गिरीको अध्यक्षतामा शनिबार पोखरामा सम्पन्न बैठकले विभिन्न उपसमिति गठन गरेको छ । बैठकले आर्थिक संकलन उपसमिति संयोजकमा केन्द्रीय वरिष्ठ उपाध्यक्ष तारा गिरी, सहसंयोजकमा प्रदेश महिला समितिका अध्यक्ष मिना गिरी र सदस्यमा शुशिला गिरीलाइ चयन गरेको छ ।

त्यस्तै अतिथि सत्कार तथा सम्मान सयोजकमा दशनामी महिला समाज कास्कीका अध्यक्ष सपना गिरी, सदस्यहरुमा सुनिता गिरी र पारु गिरी पार्वतीलाइ चयन गरेको छ । यता मञ्च ब्यवस्थापन तथा खानाखाजा ब्यवस्थापन समितिको संयोजकमा बेबराज गिरी र सहसंयोजकमा बोधराज गिरी र युवा स्वंयमसेवक व्यवस्थापन समितिको संयोजकमा सूर्य गिरी, सहसंयोजकमा कविता गिरी र सदस्यमा सरस्वती पुरी रहेकी छन् । यस्तै आवास ब्यवस्थापन समिर्तिको संयोजकमा दशनामी समाज कास्कीका अध्यक्ष भुपेन्द्र गिरीलाई चयन गरिएको छ भने सदस्य पछि थप्ने निर्णय गरेको छ । नयाँ नेतृत्व चयनका लागि निर्वाचन उपसमिति संयोजकमा अधिवक्ता गोविन्द गिरीलाई चयन गरेको छ भने प्रतिनिधि व्यवस्थापन समितिको संयोजकमा भुपेन्द्र गिरी र सदस्यमा कविता गिरीलाई चयन गरेको छ । बैठकले अधिवेशनको प्रचार प्रसार समितिको संयोजकमा पत्रकार एकराज गिरीलाई चयन गरेको छ । बैठकमा नेपाल दशनामी समाजक केन्द्रीय बरिष्ठ उपाध्यक्ष तारा गिरीले महाधिवेशनलाई सफल बनाउन सबैको साथ र सहयोग आवश्यक रहेको बताए ।बैठकमा केन्द्रीय सचिव जगतमोहन गिरी, केन्द्रीय सदस्य शारदा गिरी, दशनामी गण्डकी प्रदेश सचिव बेबराज गिरी, प्रदेश महिला समिति अध्यक्ष मिना गिरी, प्रदेश सचिव शुशिला गिर ी,कास्की जिल्ला सचिव बोधराज गिरी, महिला जिल्ला समिति अध्यक्ष सपना गिरी, दशनामी जिल्ला महिला समिति सदस्य कविता गिरी, पारु गिरी पार्वती गिरी लगायतले महाधिवेशन सफल बनाउन आफनो तर्फबाट सहयोग गर्ने प्रद्धिबद्धता ब्यक्त गरे । महाविधेशन पोखराको सृजनाचोक स्थित त्रिशक्ति पार्टी प्यालेसमा सञ्चालन गरिने महाधिवेशन मुलआयोजक समितिका संयोजक एवं दशनामी समाजका केन्द्रीय उपाध्यक्ष सरस्वती गिरीले जानकारी दिइन । अधिवेशनमा दशनामी समुदाय अन्तर्गतका गिरी, पुरी, भारती, वन, पर्वत, सागर, सरस्वती, आश्रम, आरण्य तथा तिर्थ समूहका महिला दिदीबहिनीहरूको सहभागिता रहने उनले बताइन ।

नेपाल दशनामी समाज केन्द्रीय कार्यसमितिको आयोजनामा हुन लागेको उक्त अधिवेशनमा समाजका विभिन्न गतिविधि, संगठन सुदृढीकरण तथा आगामी कार्ययोजनाबारे छलफल गरिने जनाइएको छ । नेपाल दशनामी समाज २०५४ सालमा स्थापना भएको हो । नेपालका ६७ जिल्लामा समिति गठन भएका छन् । देशभरबाट प्रतिनिधि र परिवेक्षक गरेर करिब ३ सय जना सहभागी हुने अपेक्षा गरिएको संयोजक सरस्वती गिरीले जानकारी दिइन् ।

# कफी नर्सरी तथा रोपणसम्बन्धी प्राविधिक तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, क्षेत्रीय कार्यालय, पोखराको आयोजनामा कफी नर्सरी स्थापना, गुणस्तरीय बिरुवा उत्पादन तथा व्यवस्थापन र कफी रोपणसम्बन्धी दुईदिने प्राविधिक तालिम सम्पन्न भएको छ ।



तालिम समापन कार्यक्रममा कृषि व्यवसाय प्रवर्द्धन, प्रशिक्षण तथा स्रोत केन्द्र, गण्डकी प्रदेश, पोखराका प्रमुख बासुदेव काफ्लेले नेपालमा कफी खेतीको उच्च सम्भावना रहेको उल्लेख गर्दै युवा पुस्तालाई यस क्षेत्रतर्फ आकर्षित भई स्वदेशमै रोजगारी सिर्जना गर्दै उद्यमशीलतामा अघि बढ्न आग्रह गर्नुभयो ।

कार्यक्रममा बोर्डका निमित्त क्षेत्रीय निर्देशक चन्द्र पुरीले कफी खेतीलाई व्यावसायिक बनाउने, गुणस्तरीय बिरुवा उत्पादनमा जोड दिने तथा किसानहरूको सीप अभिवृद्धि गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको बताउनुभयो । तालिमलाई कृषि प्राविधिकहरू नगेन्द्र सुवेदी र सुविना आचार्यले सहजीकरण गर्नुभएको थियो । सहभागीहरूलाई व्यवसायिक कफी खेती योजना, कफीका जात, लगाउने स्थान, स्थान अनुसारको जातको शिफारिस, नर्सरी स्थापना र व्यवस्थापन, कफी रोपण, व्यवस्थापन, काँटछाँट लगायतका विषयमा सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान प्रदान गरिएको थियो ।

समापन कार्यक्रममा सहभागीहरूको तर्फबाट यशोदा अधिकारी (नुवाकोट) र पितम बहादुर सेन (स्याङ्जा)ले तालिमबाट प्राप्त ज्ञानले व्यवसायिक कफी खेतीमा थप आत्मविश्वास बढाएको बताएका थिए । सो तालिममा गण्डकी, वागमती र कर्णाली प्रदेशका विभिन्न जिल्लाबाट आएका ३० जना युवाको सहभागिता रहेको थियो ।


**श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं ।**

- सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
- न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
- बाल श्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
- कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
- श्रमिकहरूलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
- महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
- श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
- श्रम ऐन तथा नियमहरूको पालना गरौं,
- श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसल्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

**सम्पादकीय**

# दस वर्ष बित्दा पनि चेतेनौ

नेपालमा भूकम्प गएको एक दशक बिते पनि घाउ निको भएको छैन । विसं २०७२ बैशाख १२ गते राजधानीका गल्ली-गल्लीमा, पहाडी गाउँका पाखा-पखेरामा, अझै भत्किएका आवास ठडिन सकेको छैन । जहाँ घरभन्दा धेरै सम्झनाहरू ढलेका थिए । दशक बित्दा पनि पुनर्निर्माणको पर्खाइमा नै छन् नेपालीहरु । भूकम्पले भत्किएका निजी आवास, विद्यालय, पुरातात्विक भवन तथा विभिन्न सरकारी भवनहरुको पुनर्निर्माणकै क्रममा छन् । विसं २०७२ वैशाख १२ गते शनिबार बिहान ११:५६ बजे गोरखाको बारपाक केन्द्रविन्दु भएको ७।६ रेक्टर स्केलको भूकम्प जाँदा आठ हजार ९७९ जनाले ज्यान गुमाएका थिए। उक्त भूकम्पमा परी २२ हजार ३०९ घाइते भएका थिए । भूकम्पले करिब १० लाख निजी आवास, सात हजार ५५३ विद्यालय, ४९ हजार ६८१ कक्षाकोठा, ५४४ स्वास्थ्य संस्थामा पूर्ण क्षति, ६५३ स्वास्थ्य संस्थामा आंशिक क्षति भएको थियो ।

यसैगरी ४१५ सरकारी भवन, विश्व सम्पदा क्षेत्रका १७० सम्पदासहित ९२० सांस्कृतिक सम्पदा र सुरक्षा निकायका ३८३ भवनमा क्षति पुगेको थियो। तीन हजार २१२ खानेपानी संरचना, ५३ सडक र २९९ मानव बस्तीमा क्षति पुगेको थियो । सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको कार्यान्वयन एकाइ ९भवन तथा आवास० तथा त्यसअन्तर्गतका निकायहरुबाट सम्पादन भएका आयोजनाहरुको विवरण सार्वजनिकसमेत गरेको छ। एकाइका इन्जिनियर किशोरविक्रम शाहीका अनुसार निजी आवास पुनर्निमाणतर्फ आठ लाख ३५ हजार १८५ लाभग्राही पहिचान भएकोमा आठ लाख ३४ हजार २६७ ले पहिलो किस्ता प्राप्त गरेका छन् ।

पहिलो किस्ता प्राप्त गर्नेमध्ये सात लाख ७० हजार ७७४ (९२.४५) ले दोस्रो किस्ता र सात लाख ४४ हजार ४५ (८९.२५) ले तेस्रो किस्ताबापतको अनुदान रकम प्राप्त गरेका छ। एकाइले यस वर्षसम्म ९९ प्रतिशत काम सम्पन्न गर्ने लक्ष्य राखे पनि करिब ८९ प्रतिशत मात्रै पुनर्निर्माणको कार्य सकिएको छ । एकाइले निजी आवास पुनर्निर्माणअन्तर्गत भुक्तानी प्रक्रिया पूर्ण रूपमा अगाडि बढाउन नसक्नुका कारणबारे पनि स्पष्ट पारेको छ । "विसं २०७९ असार मसान्तसम्म हाम्रा कार्यालयमा निजी आवास निर्माण सम्पन्न गरेको भन्दै निवेदन दिने लाभग्राहीलाई भुक्तानी गरिएको छ", ।"यसरी तोकिएको अवधिभित्र रीतपूर्वक निवेदन दिने सेवाग्राहीको हकमा कुनै समस्या आएन । तर केही लाभग्राही सो अवधिसम्म पनि जिल्ला कार्यालयमा सम्पर्कमा नआएकाले सबैलाई समेटेर भुक्तानी गर्न सकिएको छैन ।"

नेपाल अझै भूकम्पीय जोखिमबाट मुक्त हुन नसकेको विज्ञहरूले बताएका छन् । खानी तथा भू-गर्भ विभागअन्तर्गत राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका प्रमुख डा लोकविजय अधिकारीका अनुसार भूकम्पपछिको दशकमा केही सुधार भए पनि पूर्वतयारी र जनचेतनामा अझै कमी रहेको छ । "२०७२ सालको भूकम्पले हामीलाई के गर्ने, के नगर्ने, कसरी सुरक्षित रहने भन्ने धेरै कुरा सिकायो"।तर त्यत्रो मानवीय क्षति हुँदासमेत हामी फेरि बिर्सने अवस्थामा पुग्छौँ कि भन्ने चिन्ता छ।" मुलुकमा भूकम्पको जोखिम छ। विशेषगरी काठमाडौँदेखि चुरे क्षेत्रसम्म भूकम्पीय जोखिम उच्च रहेको छ। भूकम्पपछि भवन निर्माण आचारसंहिता कार्यान्वयनमा आएको, संरचना बलियो बनाउन चेतना बढेको र केही स्थानमा सुधार देखिए पनि अझै पूर्ण रूपमा मापदण्ड पालना भएको छैन । पूर्वतयारी, भूकम्पीय शिक्षा, खुला स्थानको संरक्षण र भूकम्प प्रतिरोधी संरचना निर्माणमा जोड दिनुपर्ने विज्ञको सुझाव छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# कालीगण्डकी नदीले बगाउँदा एक बालकको मृत्यु

**रासस**
मुस्ताङ, १२ बैशाख

कालीगण्डकी नदीले बगाउँदा आज एक बालकको मृत्यु भएको छ । यहाँको बारागुङ मुक्तिक्षेत्र-४ कागबेनी श्राद्धस्थल नजिक नदीले बगाउँदा आठ वर्षीय बालक बरुण गौलीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-५ बस्ने ३२ वर्षीय विमला गौलीसहित १२ जनाको टोली आज यहाँको कागबेनीमा श्राद्ध गर्न पुगेको थियो । उक्त स्थानमा दिवङ्गत पितृको नाममा श्राद्ध गर्ने क्रममा गौलीका आठ वर्षीय छोरा बरुण गौली अचानक नदीमा बेपत्ता भएका प्रहरीले जनाएको छ । हराएका बालकको चप्पल कालीगण्डकी खोलाको छेउमा फेला परेको भन्ने खबर प्राप्त हुना साथ प्रहरी चौकी कागबेनीबाट चार जना, जिल्ला प्रहरी कार्यालयबाट पाँच जना र सशस्त्र प्रहरी बल नेपाल ३३ गुल्म हेडक्वाटर जोमसोमबाट ११ जनाको टोलीले खोजी सुरु गरेको थियो। त्यस क्रममा श्राद्धस्थलदेखि एक किलोमिटर दक्षिण कालीगण्डकी नदी किनारामा बालक अचेत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक ईश्वर महतले जानकारी दिनुभयो। निजलाई उपचारका लागि प्रदेश अस्पताल जोमसोम पठाइएकामा चिकित्सकले मृत घोषणा गरेका उहाँले बताउनुभयो।

# सगरमाथा दिवसका अवसरमा कायरोमा नेपाल-इजिप्ट मैत्री दौड

**रासस**
काठमाडौं, १२ बैशाख

सगरमाथा दिवस र अन्तरराष्ट्रिय आरोग्य दिवसका अवसरमा कायरोमा शुक्रबार पाँच किलोमिटर 'नेपाल-इजिप्ट मैत्री दौड' आयोजना गरिएको छ।

इजिप्टस्थित नेपाली दूतावासले त्यहाँको स्थानीय विकास तथा वातावरण मन्त्रालय र वादी डेगला संरक्षित क्षेत्रसँगको सहकार्यमा 'हिमालदेखि नाइलसम्म–हरित भविष्यका लागि दौडौँ' नारासहित उक्त कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रमको उद्घाटन इजिप्टका लागि नेपाली राजदूत सुशीलकुमार लम्साल तथा त्यहाँको स्थानीय विकास तथा वातावरण मन्त्रालयअन्तर्गत संरक्षित क्षेत्रसम्बन्धी केन्द्रीय प्रशासनका प्रमुख मोहम्मद युसुफले संयुक्त रूपमा गर्नुभएको कायरोस्थित नेपाली दूतावासले जनाएको छ। त्यस अवसरमा राजदूत लम्सालले सहभागीहरूलाई स्वागत गर्दै सन् १९५३ मा विश्वकै सर्वोच्च शिखर सगरमाथाको पहिलो आरोहणको सम्झनामा मनाइने सगरमाथा दिवस मानव दृढता र सहकार्यको प्रतीक भएको उल्लेख गर्नुभयो । उहाँले हालै घोषणा गरिएको अन्तरराष्ट्रिय आरोग्य दिवसले शारीरिक, मानसिक, भावनात्मक, सामाजिक तथा पारिस्थितिक सन्तुलनलाई समेट्ने समग्र स्वास्थ्यको महत्व उजागर गर्ने बताउनुभयो। राजदूत लम्सालले योग, ध्यान र प्रकृतिसँगको सामञ्जस्यजस्ता नेपालको परम्परागत अभ्यासले वातावरण संरक्षण र मानव स्वास्थ्यबीचको सम्बन्धलाई बलियो बनाउने बताउनुभयो । प्रमुख युसुफले दूतावासले आयोजना गरेको कार्यक्रमको सराहना गर्दै यसले वातावरणीय सचेतना र दिगोपनाको सन्देश प्रवाह गरेको बताउनुभयो । उहाँले हरित भविष्य निर्माणका लागि इजिप्टको प्रतिबद्धता पुनः दोहोऱ्याउँदै दिगोपनाको पहलमा नेपालको योगदानको प्रशंसा गर्नुभयो । करिब ३० किलोमिटर लम्बाइमा फैलिएको वादी डेगला संरक्षित मरुभूमि उपत्यकाभित्र आयोजना गरिएको दौड प्राकृतिक परिवेशमा सम्पन्न भएको थियो । यो क्षेत्रको मरुभूमि पारिस्थितिकी तन्त्र र वन्यजन्तुको संरक्षण गरिएको छ।

कार्यक्रममा कूटनीतिज्ञ, विद्यार्थी, स्थानीय खेलाडी तथा नेपाली समुदायका सदस्यसहित ३५० भन्दा बढी सहभागीको उपस्थिति थियो।

# युएईविरुद्ध नेपालको जित

**रासस**
काठमाडौं, १२ बैशाख

आइसिसी विश्वकप लिग २ क्रिकेट प्रतियोगिताअन्तर्गत संयुक्त अरब इमिरेट्स (युएई) विरुद्धको खेलमा नेपालले जित हासिल गरेको छ।

कीर्तिपुरस्थित त्रिवि मैदानमा आज भएको खेलमा नेपालले युएईमाथि ३७ रनको जित हासिल गरेको हो। नेपालले जितका लागि दिएको दुई सय एक रनको चुनौती पछ्याएको युएई ४८ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै एक सय ६३ रनमा समेटियो । युएईका लागि हरप्रीत सिंहले ३९ रन जोडे भने कप्तान मोहम्मद वसीमले ३४ रन बनाए । बलिङतर्फ नेपालका करण केसीले उत्कृष्ट बलिङ गर्दै चार विकेट लिए । यस्तै, सन्दीप लामिछाने र सोमपाल कामीले समान दुई/दुई विकेट लिए।

यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले ४८ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै दुई सय रनको योगफल बनाएको थियो। नेपालका लागि दीपेन्द्रसिंह एरीले सर्वाधिक ७५ रनको योगदान दिए । उनले ९० बलमा पाँच चौका र दुई छक्कासहित ७५ रन बनाएका हुन्।

नेपालको सुरुआत कमजोर रहँदा आसिफ शेख सात रनमै आउट भए भने कप्तान रोहित पौडेल केवल दुई रनमा पवेलियन फर्किए। यस्तै, कुशल भुर्तेलले २४ रन, बसिर अहमदले २० रन तथा करण केसीले २२ रनको योगदान दिए । अन्य खेलाडीमा भीम सार्कीले १० तथा आरिफ शेख र सोमपाल कामीले समान १५/१५ रन बनाए । बलिङतर्फ युएईका जुनैद सिद्दिकी, अजय कुमार र खुजैमा तनवीरले समान तीन/तीन विकेट लिए। अब यही वैशाख १४ गते नेपालले ओमानसँग खेल्नेछ।

# 'युट्युव' हेरेर सीप, 'फेसबुक-टिकटक' बाट बजारीकरण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ बैशाख

यहाँको मालिका गाउँपालिका-५ देवीस्थानकी अस्मिता सिउथानी कपडाको डिजाइन र सिलाइकटाइसम्बन्धी सीप सिकेर आत्मनिर्भर बन्नुभएको छ।

उहाँले बेनीको सङ्गमचोकमा सञ्चालन गरेको अस्मिता टेलरिङ सेन्टरमा आफ्नै डिजाइनमा झोला तयार पार्नुका साथै सिलाइकटाइसम्बन्धी काम गर्दै आउनुभएको छ । ग्राहकको मागअनुसार विभिन्न प्रकारका झोला, कुर्ता सुरुवाल, साडी र ब्लाउज तयार पार्न थालेपछि सिउथानीको व्यवसाय फस्टाएको छ।

उहाँले फुर्सदको समय सदुपयोग गर्न सिकेको सिलाइकटाइसम्बन्धी व्यवसायम फस्टाउन सामाजिक सञ्जालले निकै सघाउ पुगेको उहाँले बताउनुभयो। "युट्युव हेरेर झोला र लेडिज कपडाको डिजाइन गर्न सकेको र थालेकी हुँ" सिउथानीले भन्नुभयो,"ग्राहकको रोजाइअनुसार कपडा र झोला तयार पार्ने र सामाजिक सञ्जाल 'फेसबुक र टिकटक' बाटै





बजारीकरण गर्दै आएकी छु।"

काठमाडौँ, पोखराबाट कपडा ल्याएर उहाँले महिला, विद्यार्थी र पदयात्रीलाई लक्षित गरी झोला तयार पार्नुहुन्छ। झोलालाई आकारअनुसार प्रतिगोटा रु एक हजार २०० देखि रु एक हजार ७०० सम्ममा बिक्री गरिरहेको सिउथानी जानकारी दिनुभयो।

"बेनी बजारसहित म्याग्दीका ग्रामीण क्षेत्रका साथै पोखरा, काठमाडौँ र विदेश जानेहरूले पनि झोला मन पराउने गरेका छन्", उहाँले सुनाउनुभयो,"विसं २०७४ मा सिलाइकटाइ व्यवसाय सुरु गरेकी थिए। पछिल्ला केही वर्षयता डिजाइनमा लागिरहेकी छु।" यसबाट 'सिजन'मा मासिक रु एक लाख ५० हजारदेखि रु दुई लाखसम्म आम्दानी हुने गरेको छ । "मागअनुसार झोला र कपडा बनाउन थालेपछि बजारमा प्रतिस्पर्धा कम भएको छ। पछिल्लो समय त काम छैन भनेर बस्नुपरेको छैन", सिउथानीले भन्नुभयो,"दैनिक कारोबार त भइरहेकै छ । सीप सिक्न चाहनेलाई पनि सिकाइरहेकी छु । यसले पैसा र सन्तुष्टि दुवै मिलिरहेको छ।" उहाँलाई एकीकृत सेवा कार्यालय र प्रदेश सरकारले व्यवसाय सञ्चालनका लागि औजार खरिदमा सहयोग गरेको छ । यसले काम गर्न सहज र थप हौसला मिलेको सिउथानीले बताउनुभयो।

# १२ दिनमै २३ जनाको मृत्यु, ७३ जना घाइते

**रासस**
काठमाडौं, १२ बैशाख

विभिन्न विपद्जन्य घटनामा परेर यो महिनाको १२ दिनमै २३ जनाको मृत्यु भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार वैशाख १ गतेदेखि १२ गतेसम्म भएका ४२२ वटा विपद्का घटनामा उनीहरूको मृत्यु भएको छ। ती घटनाबाट ७३ जना घाइते भएका र ५२७ परिवार प्रभावित भएका प्राधिकरणकी प्रवक्ता शान्ति महतले जानकारी दिनुभयो । उहाँका अनुसार सबैभन्दा बढी सात जनाको आगलागीमा परे ज्यान गएको छ। चट्याङबाट चार, हावाहुरीका कारण चार, लेक लागेर दुई, डुङ्गा पल्टिँदा दुई जनाको मृत्यु भएको छ। यस्तै वन डढेलोबाट एक, सर्पदंशबाट एक, जनावरको आक्रमणबाट एक र पहिरोबाट एक जनाको मृत्यु भएको छ । घाइते हुनेमा पनि सबैभन्दा बढी आगलागीबाट २४ जना रहेका छन्। सर्पदंशबाट १९ र जनावरको आक्रमणबाट १३ जना घाइते भएका प्राधिकरणले जनाएको छ। पछिल्लो २४ घण्टामा मात्रै विपद्जन्य घटनामा तीन जनाको मृत्यु भएको र अन्य सात जना घाइते भएका प्राधिकरणले जानकारी दिएको छ । प्राधिकरणले विपद्जन्य घटनाका सावधानी अपनाउन र घटना भएमा तत्काल सम्बन्धित 'फोकल पर्सन' वा प्रहरी कार्यालय तथा प्रशासन कार्यालयमा जानकारी गराउन अनुरोध गरेको छ।

# चीन र भारतका राजदूतसँग ऊर्जा सहकार्यबारे छलफल, क्षेत्रीय ऊर्जा चुनौती र समाधानमा जोड

**रासस**
काठमाडौं, १२ बैशाख

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठसँग नेपालका लागि चीनका राजदूत चाङ माओमिङ र भारतका राजदूत नवीन श्रीवास्तवले शुक्रबार बेग्लाबेग्लै भेट गर्नुभएको छ।

चिनियाँ राजदूतसँगको भेटमा नेपाल र चीनबीच आपसी हितमा आधारित व्यावहारिक सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा विस्तृत छलफल भएको यहाँस्थित चिनियाँ राजदूतावासले जनाएको छ।

विशेषगरी क्षेत्रीय ऊर्जा चुनौतीलाई कसरी प्रभावकारी रूपमा सम्बोधन गर्ने भन्ने विषयमा दुवै पक्षबीच विचारविमर्श भएको थियो । साथै ऊर्जा र जलस्रोत क्षेत्रलाई आपसी सहयोगको महत्वपूर्ण आधारका रूपमा अघि बढाउँदै साझा समृद्धि र जनहितका लागि सहकार्यको प्रतिबद्धता व्यक्त भएको छ । त्यसैगरी, भारतका राजदूतसँगको भेटमा ऊर्जा तथा जलस्रोत क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा छलफल भएको छ। छलफलमा नेपाल-भारतबीचको दीर्घकालीन साझेदारीलाई थप सुदृढ गर्दै दिगो विकास र क्षेत्रीय सम्पर्क सञ्जाल विस्तार एवं प्रवर्द्धन गर्ने साझा दृष्टिकोणमा जोड दिइएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ । उक्त मन्त्रालयका अनुसार आगामी दिनमा निरन्तर संवाद र सहकार्यमार्फत द्विपक्षीय साझेदारीलाई अझ मजबुत बनाउने प्रतिबद्धता व्यक्त भएको थियो।

# विभिन्न जिल्लामा भारी वर्षा, अझै बदली हुने

**रासस**
लमजुङ, १२ बैशाख

मौसम बदलीसँगै शनिबार देशका विभिन्न जिल्लामा भारी वर्षा भएको छ।

कास्कीमा ३३, गुल्मीमा ३७ र धनकुटामा ३७ मिलिमिटर वर्षा भएको छ। विभागका मौसमविद् विनु महर्जनले आजदेखि नै देशका धेरै क्षेत्रमा वर्ष हुने भएकाले तातो लहर कम हुने बताउनुभयो। शनिारदेखि वर्षा बढेको र यो क्रम अझै केही बढ्ने विभागले जनाएको छ। हाल नेपालमा पश्चिमी र स्थानीय वायूको आंशिक प्रभाव रहेको विभागले जनाएको छ।

विभागका अनुसार भोलि आइतबार कोशी, मधेस, बागमती र गण्डकी प्रदेशलगायत देशको हिमाली र पहाडी भू-भागमा साधारणतया बादल लाग्ने र बाँकी भू-भागमा आंशिक बादल लाग्ने छ। यस्तै कोशी, बागमती र गण्डकी प्रदेशको केही स्थानहरूमा तथा मधेस प्रदेशलगायत लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी र हिमाली भू-भागका थोरै स्थानहरूमा साथै लुम्बिनी प्रदेशको तराई भू-भागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना रहेको जनाइएको छ।


## कम्पनी खारेज सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८२/०८/१३ गते

यस कार्यालयमा मिति २०७३-०५-०८ मा दर्ता भएको श्री एम.पी. स्टिल फर्निचर प्रा.लि. (दर्ता नम्बरः १५४५६०) को एम.पी. स्टिल फर्निचर प्राइभेट लिमिटेड काठमाडौँ महानगरपालिका-३१, काठमाडौं, (प्यान नम्बर ६०४३१२१८५) नामक कम्पनी यस कार्यालयको मिति २०८२-०९-२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ

# भूकम्पको एक दशक: भत्किएका संरचना पुनर्निर्माणको प्रतीक्षामा

**प्रगति ढकाल**
काठमाडौं, १२ बैशाख/रासस

बिर्सन खोज्दा पनि बिर्सन सकिँदैन वैशाख १२ लाई। हरेक वर्ष आउने वैशाख १२ नेपाली समाज एकैपटक अतीतमा फर्किन्छ । विसं २०७२ को भूकम्पको सम्झनाले एक पटक झस्काउँछ।

भूकम्प भएको एक दशक बिते पनि घाउ निको भएको छैन । राजधानीका गल्ली-गल्लीमा, पहाडी गाउँका पाखा-पखेरामा, अझै भत्किएका आवास ठडिन सकेको छैन। जहाँ घरभन्दा धेरै सम्झनाहरू ढलेका थिए । दशक बित्दा पनि पुनर्निर्माणको पर्खाइमा नै छन् नेपालीहरू।

भूकम्पले भत्किएका निजी आवास, विद्यालय, पुरातात्विक भवन तथा विभिन्न सरकारी भवनहरूको पुनर्निर्माणकै क्रममा छन् । विसं २०७२ वैशाख १२ गते शनिबार बिहान ११:५६ बजे गोरखाको बारपाक केन्द्रविन्दु भएको ७.६ रेक्टर स्केलको भूकम्प जाँदा आठ हजार ९७९ जनाले ज्यान गुमाएका थिए । उक्त भूकम्पमा परी २२ हजार ३० ९ घाइते भएका थिए।

भूकम्पले करिब १० लाख निजी आवास, सात हजार ५५३ विद्यालय, ४९ हजार ६८१ कक्षाकोठा, ५४४ स्वास्थ्य संस्थामा पूर्ण क्षति, ६५३ स्वास्थ्य संस्थामा आंशिक क्षति भएको थियो । यसैगरी ४१५ सरकारी भवन, विश्व सम्पदा क्षेत्रका १७० सम्पदासहित ९२० सांस्कृतिक सम्पदा र सुरक्षा निकायका ३८३ भवनमा क्षति पुगेको थियो। तीन हजार २१२ खानेपानी संरचना, ५३ सडक र २९९ मानव बस्तीमा क्षति पुगेको थियो ।सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको कार्यान्वयन एकाइ (भवन तथा आवास) तथा त्यसअन्तर्गतका निकायहरूबाट सम्पादन भएका आयोजनाहरूको विवरण सार्वजनिकसमेत गरेको छ । एकाइका इन्जिनियर किशोरविक्रम शाहीका अनुसार निजी आवास पुनर्निमाणतर्फ आठ लाख ३५ हजार १८५ लाभग्राही पहिचान भएकोमा आठ लाख ३४ हजार २६७ ले पहिलो किस्ता प्राप्त गरेका छन्। पहिलो किस्ता प्राप्त गर्नेमध्ये सात लाख ७० हजार ७७४ (९२.४%) ले दोस्रो किस्ता र सात लाख ४४ हजार ४५ (८९.२%) ले तेस्रो किस्ताबापतको अनुदान रकम प्राप्त गरेको उहाँको भनाइ छ । एकाइले यस वर्षसम्म ९९ प्रतिशत काम सम्पन्न गर्ने लक्ष्य राखे पनि करिब ८९ प्रतिशत मात्रै पुनर्निर्माणको कार्य सकिएको छ।

एकाइले निजी आवास पुनर्निर्माणअन्तर्गत भुक्तानी प्रक्रिया पूर्ण रूपमा अगाडि बढाउन नसक्नुका कारणबारे पनि स्पष्ट पारेको छ । एकाइ प्रमुख झप्परसिंह विश्वकर्माका अनुसार प्रारम्भिक चरणमा पहिचान भएका सबै लाभग्राहीले तोकिएको समयभित्र सम्बन्धित सरकारी निकायमा निवेदन नदिँदा भुक्तानी प्रक्रिया अधुरो रहन पुगेको बताउनुभयो।

"विसं २०७९ असार मसान्तसम्म हाम्रा कार्यालयमा निजी आवास निर्माण सम्पन्न गरेको भन्दै निवेदन दिने लाभग्राहीलाई भुक्तानी गरिएको छ", उहाँले भन्नुभयो, "यसरी तोकिएको अवधिभित्र रीतपूर्वक निवेदन दिने सेवाग्राहीको हकमा कुनै समस्या आएन । तर केही लाभग्राही सो अवधिसम्म पनि जिल्ला कार्यालयमा सम्पर्कमा नआएकाले सबैलाई समेटेर भुक्तानी गर्न सकिएको छैन।"

विश्वकर्माका अनुसार सुरुमा दर्ता भएका कतिपय लाभग्राही अझैसम्म सम्पर्कमा नआउँदा उनीहरूको भुक्तानी प्रक्रिया अघि बढ्न नसकेको हो। साथै, एकीकृत बस्ती निर्माण गर्ने योजनाअन्तर्गत केही स्थानमा जग्गा प्राप्तिमा देखिएको समस्याले पनि पुनर्निर्माण कार्य ढिला भएको विश्वकर्माले बताउनुभयो।

सरकारले पुनर्निर्माणलाई तीव्रता दिने प्रयास गरे पनि प्रशासनिक प्रक्रिया, लाभग्राहीको सहभागिता र जग्गा व्यवस्थापनजस्ता चुनौतीका कारण कार्यान्वयनमा ढिलाइ भइरहेको देखिएको छ।

सरकारले भूकम्पपछिको पुनर्निर्माणलाई प्राथमिकतामा राखे पनि कार्यान्वयन तहमा देखिएका यस्ता चुनौतीका कारण अझै निजी आवास निर्माण कार्य सम्पन्न हुन बाँकी रहेको एकाइले जनाएको छ। सरकारले उपलब्ध गराएको रु तीन लाख अनुदानले निजी आवास निर्माणको काम सम्पन्न नहुने र थप लगानीका लागि क्षमता नहुने सर्वसाधारणले ढिलो निर्माण कार्य थालनी गरेकोले पनि समय लागेको एकाइले जनाएको छ।

एकाइका अनुसार विभिन्न जिल्लाहरूमा भूकम्पपश्चात् आंशिक क्षति भई मर्मत गरिएका सरकारी भवन सङ्ख्या २५३ रहेका छन् । विभिन्न जिल्लाहरूमा भूकम्पपश्चात् सरकारी कार्यालयहरू सञ्चालन गर्नको लागि निर्माण भएका नमूना सङ्ख्या २८८ भने रहेका छन्।

विभिन्न १० जिल्लाहरू भूकम्पपश्चात् अस्थायी रुपले बसोबास गर्नको लागि बनाइएको सामुदायिक भवनको सङ्ख्या ७५६ परिवारका लागि निर्माण गरिएकोमा ५० वटा (हात विभिन्न उद्देश्यका लागि प्रयोग भइरहेको) एकाइले जनाएको छ।

सरकार तथा एसियाली विकास बैंकको सहयोगमा सम्पन्न सरकारी भवनहरूको सङ्ख्या १५१ रहेको छन् । भवन प्रवलीकरणतर्फ कूल ११ वटा राणाकालीन भवनमा आठ वटा सम्पन्न तीन वटाको प्रवलीकरण कार्य भइरहेको छ । भारतको सहयोगमा संरक्षण तथा पुनर्निर्माण भइरहेका पुरातात्विक सम्पदा आयोजना सङ्ख्या २८ छ । यसैगरी, निर्माणाधीन आयोजना १२ वटा छन्भने एकीकृत बस्ती विकासतर्फ विभिन्न जिल्लामा ९७ वटा आयोजना सम्पन्न भइसकेका छन्। भूकम्पपछि एक हजार १२६ वटा स्वास्थ्य भवन निर्माण भएका छन्।

महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदनले भूकम्पबाट क्षतिग्रस्त संरचनाको दिगो र योजनाबद्ध निर्माण सम्पन्न गरी विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरणको लागि २०७२ सालको भूकम्पबाट अति प्रभावित १४ र कम प्रभावित १७ समेत ३१ जिल्ला आयोजनाका कार्यक्षेत्र थिए । प्रतिवेदनमा भूकम्पका कारण क्षतिग्रस्त संरचनाको दिगो र योजनाबद्ध निर्माण, विस्थापित भएकाहरूको पुनर्वास तथा स्थानान्तरणको काम प्रभावकारी रूपमा नभएको औंल्याइएको छ।

प्रतिवेदनमा भनिएको छ, "निजी आवास पुनर्निर्माणतर्फ आठ लाख ३४ हजार ८२१ जनासँग सम्झौता भएकोमा रु दुई खर्ब ३१ अर्ब ६१ करोड र प्रवलीकरणतर्फ ३३ हजार ९०५ जनासँग सम्झौता भएकोमा रु एक अर्ब ७४ करोड ३१ लाखसमेत रु दुई खर्ब ३३ अर्ब ३५ करोड खर्च गरेको छ।" विसं २०८१ असार मसान्तसम्म पुनर्निर्माणतर्फ प्रथम किस्ता ५५८, दोस्रो किस्ता ३७५, तेस्रो किस्ता एक हजार ५४८ लाभग्राही र प्रवलीकरणतर्फ दोस्रो तथा अन्तिम किस्ता १ हजार ७२ लाभग्राहीलाई रु २९ करोड २५ लाख रकम भुक्तानी गर्न बाँकी रहेको भन्दै प्रतिवेदनले अनुदान सम्झौतापछि पहिलो, दोस्रो तथा अन्तिम किस्ता नलिएका लाभग्राहीको अनुगमन गरी अनुदान रकमको सदुपयोग भएको सुनिश्चितता हुनुपर्ने सुझाव दिएको छ।

भूकम्पपछिको पुनर्निर्माणमा नीतिगत अन्योल, निर्माण व्यवसायीको भूमिका र लाभग्राहीको आर्थिक क्षमतासमेत प्रमुख अवरोध बनेको पूर्वाधार क्षेत्रका जानकार बताउँछन्। यस क्षेत्रका जानकार गजेन्द्र थपलियाले "पुनर्निर्माण गर्ने कि पुनःनिर्माण गर्ने" भन्ने नीतिगत स्पष्टताको अभावका कारण सुरुदेखि नै कार्यान्वयनमा अन्योल देखिएको र जसले समग्र प्रक्रिया प्रभावित बनाएको बताउनुभयो । "कतिपयले किस्ताबापत रकम लिएर पनि निर्माण कार्य अघि बढाएनन्, समयमै रकम लिन नआउने प्रवृत्तिले समेत समस्या थपिएको छ", उहाँले भन्नुभयो।

उहाँले निर्माण लागत महँगो हुँदै जानु र धेरै लाभग्राहीको आर्थिक क्षमता कमजोर हुनु पनि पुनर्निर्माण ढिलाइको अर्को मुख्य कारण भएको बताउनुभयो। "सरकारले दिएको अनुदान मात्रै पर्याप्त नहुँदा धेरैले समयमै निर्माण सुरु गर्न सकेनन्", उहाँले भन्नुभयो। भूकम्पपछिको पुनर्निर्माणका लागि रकम जुटाउन आयोजित दाता सम्मेलनमा रु चार खर्बभन्दा बढीको घोषणा भए पनि घोषणाअनुरुप सहयोग प्राप्त भएन। गोरखा भूकम्पबाट ओखलढुङ्गा, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सिन्धुली, भक्तपुर, ललितपुर, काठमाडौँ, रसुवा, नुवाकोट, धादिङ, गोरखा र मकवानपुर गरी १४ जिल्लामा धेरै क्षति भएको थियो।

**भूकम्पीय जोखिम कायमै:**

विसं ०७२ को भूकम्पले धेरै पाठ सिकाए पनि नेपाल अझै भूकम्पीय जोखिमबाट मुक्त हुन नसकेको विज्ञहरूले बताएका छन् । खानी तथा भू-गर्भ विभागअन्तर्गत राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका प्रमुख डा लोकविजय अधिकारीका अनुसार भूकम्पपछिको दशकमा केही सुधार भए पनि पूर्वतयारी र जनचेतनामा अझै कमी रहेको छ। "२०७२ सालको भूकम्पले हामीलाई के गर्ने, के नगर्ने, कसरी सुरक्षित रहने भन्ने धेरै कुरा सिकायो", उहाँले भन्नुभयो, "तर त्यत्रो मानवीय क्षति हुँदासमेत हामी फेरि बिर्सने अवस्थामा पुग्छौँ कि भन्ने चिन्ता छ।"

मुलुकमा भूकम्पको जोखिम छ । विशेषगरी काठमाडौँदेखि चुरे क्षेत्रसम्म भूकम्पीय जोखिम उच्च रहेको उहाँले बताउनुभयो। भूकम्पपछि भवन निर्माण आचारसंहिता कार्यान्वयनमा आएको, संरचना बलियो बनाउन चेतना बढेको र केही स्थानमा सुधार देखिए पनि अझै पूर्ण रूपमा मापदण्ड पालना भएको छैन । "सरकारी भवनमा मापदण्ड लागू भए पनि निजी तथा स्थानीय तहमा कार्यान्वयन अझै पूर्ण छैन", उहाँले भन्नुभयो, "जनतामा चेतना बढेको छ तर त्यो पर्याप्त छैन।"

डा अधिकारीले भूकम्पीय जोखिमबारे जनचेतना सीमित दिनहरूमा मात्र केन्द्रित हुने प्रवृत्तिप्रति पनि चिन्ता व्यक्त गर्नुभयो । "हामी वैशाख १२ जस्ता दिनमा मात्र सम्झिन्छौँ, तर जोखिम त सधैँ हुन्छ", उहाँले भन्नुभयो । अधिकारीका अनुसार पाठ्यक्रममा भूकम्पीय शिक्षा समावेश नहुनु, नियमित अभ्यासको अभाव र पूर्वतयारीका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन नहुनु मुख्य कमजोरी हुन्। "भूकम्प अहिले नआउनु जोखिम घटेको होइन, बरु सधैँ जोखिम रहेको सङ्केत हो", उहाँले भन्नुभयो। उहाँले पूर्वतयारी, भूकम्पीय शिक्षा, खुला स्थानको संरक्षण र भूकम्प प्रतिरोधी संरचना निर्माणमा जोड दिनुपर्ने बताउनुभयो। "हामीले धेरै कुरा सिक्यौँ, तर अझै सिक्न बाँकी छ", उहाँले भन्नुभयो, "पूर्वतयारीलाई प्राथमिकता नदिए भविष्यमा जोखिम झन बढ्न सक्छ।" उहाँ २०७२ पछि भूकम्पसम्बन्धी अध्ययन तथा अनुसन्धानमा केही प्रगति हुनु सकारात्मक ठान्नुहुन्छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४, राधाकृष्ण टोल (मजेरीपाटन) मा शौचालय र वाथरुम योजना निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः राधाकृष्ण टोल (मजेरीपाटन) मा शौचालय र वाथरुम योजना
ठेगानाः पोखरा-१४, मझेरीपाटन
योजना सम्झौता मिति : २०८२/०९/०७ गते
योजना सुरु हुने मितिः २०८२/०९/१० गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१४ गते
योजनाको कुल लागतः रु. २,२६,५२४.०८३
महानगरपालिकाबाटः रु. २,००,०००।-
जनसहभागिताबाटः रु. २४,७१९.१०
उपभोक्ता समिति अध्यक्षः अर्जुन बहादुर कार्की
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**राधाकृष्ण टोल (मजेरीपाटन) मा शौचालय र वाथरुम योजना उपभोक्ता समिति पोखरा-१४**




थोरङलापास पदमार्गमा पर्यटक : लमजुङको बेँसीसहरबाट मनाङ हुँदै समुद्री सतहदेखि पाँच हजार चार सय १६ मिटर उचाइमा रहेको थोरङलापास पार गरी मुस्ताङको थोरङ फेदीतर्फ पदयात्रा गर्दै गरेका विदेशी पर्यटक। तस्बिरः सुन्दरकुमार थकाली/रासस

# कुहुँमा लक्ष्यअघिनै सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ बैशाख

म्याग्दीको मङ्गला गाउँपालिका-२ कुहुँमा सञ्चालित चन्निका घुम्तीदेखि उपल्लो तुसारेपानी-कुहुँ सडक स्तरोन्नति योजना लक्ष्य अघिनै सम्पन्न भएको छ।

आगामी जेठ १५ गतेसम्मको ठेक्काको म्याद रहेको योजनाको निर्माण कम्पनी मङ्गला कन्ट्रक्सनले इन्धन र निर्माणजन्य सामग्रीको मूल्य वृद्धिको बावजुद पनि लक्ष्यभन्दा डेढ महिनाअघि नै काम सम्पन्न गरेको हो।

गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/०८३ मा रु ५० लाख बजेट बिनियोजन गरेको उक्त योजना निर्माणका लागि पूर्वाधार विकास कार्यालय, म्याग्दी र कम्पनीबीच २०८२ माघ ६ गते रु ४६ लाख २९ हजार १२४ मा ठेक्का सम्झौता गरेको थियो।

ठेक्का सम्झौता लगत्तै मजदुर, उपकरण परिचालन र निर्माण सामग्री ब्यवस्थापन गरेर गत चैत महिनामै निर्माण सम्पन्न गरेको निर्माण कम्पनीका सञ्चालक चक्रलाल पाण्डे (राजु)ले बताउनुभयो । कार्यालयका अनुसार उक्त योजनाको ९६ दशमलब २२ प्रतिशत भौतिक प्रगति भएको छ।

कार्यालयका अनुसार उक्त योजनामार्फत कुहुँ गाउँभित्र ५१ मिटर दुरीमा सडक फराकिलो पारेर मेसिनरी पर्खाल र नाली निर्माण भएको छ । उपल्लो तुसारेपानीदेखि कुहुँतर्फ जाने सडकको २५० मिटर दुरीमा फराकिलो पार्ने, ग्रेड तथा घुम्ती सुधार भएको छ।

उपल्लो तुसारेपानी र कुहुँकोबीचमा रहेको डाडाँको घुम्तीमा १२८ घनमिटर ग्याबियन पर्खाल लगाएर सडक फराकिलो पारिएको पूर्वाधार विकास कार्यालयका सवइञ्जिनियर रविन चोखालले बताउनुभयो। कुहुँका बासिन्दा रविन पुनले सडक सुधार भएपछि सवारी साधन आवत जावत सहज र सुरक्षित भएको बताउनुभयो। मार्ग खुलेपछि सामान्य मर्मतको भरमा जिप, मोटरसाइकल र ट्याक्टर सञ्चालन हुँदै आएको साँघुरो सडकमा गाडी फर्काउने ठाउँ नभएर ३०० मिटर टाढा लैजानुपर्ने समस्याको अन्त्य भएको पुनले बताउनुभयो।

सडकको शुक्रबार अनुगमन गर्न जानुभएका म्याग्दी १(ख) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुम्जाली र पूर्वाधार विकास कार्यालय, म्याग्दीका प्रमुख सिनयर डिभिजनल ईञ्जिनियर डा महेन्द्र बानियाले मूल्यवृद्धिको असहज अवस्थामा पनि लक्ष्य अघिनै योजना निर्माण सम्पन्न गरेर ब्यवसायीले सकारात्मक सन्देश दिएको प्रतिक्रिया दिनुभयो।

कार्यालय प्रमुख बानियाँका अनुसार यस वर्ष सञ्चालन भएका अन्य दुई वटा योजना पनि लक्ष्य अघिनै सम्पन्न भएका छन् । निर्माण कम्पनीले रु ४६ लाख ७९ हजार ९८१ मा ठेक्का सम्झौता गरेको घारखोला-नेपाने सडक र रुप्से बिल्डर्सले रु ३५ लाख १७ हजार ३३७ मा ठेक्का लिएको ज्ञानप्रकाश माविदेखि कोट-खलङ्गा हुँदै ठारा जाने सडक पनि निर्माण सम्पन्न भएको कार्यालय प्रमुख बानियाँले बताउनुभयो।

# कास्कीमा बन्यो सुकुम्बासी तथा अव्यवस्थीत बसोबासी सरोकार समिति

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख



राष्ट्रिय भूमि अधिकार मञ्च कास्की, अखिल नेपाल सुकुम्बासी संघ कास्की र भुमिअधिकार तथा श्रमिक संगठन नेपाल कास्कीको संयुक्त भेलाले भुमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थीत बसोबासीहरुको बैकल्पिक व्यवस्थापन विना हटाउन नदिई घरधुरी बचाउन शनिबार बोलाईएको सम्यूक्त भेलाले राष्ट्रिय भूमि अधिकार मञ्च कास्कीका अध्यक्ष प्रेम बहादुर गुरुङको संयोजकत्वमा ३५ सदस्यीय सरोकार समिति गठन गरेको छ।

समितिको सहसंयोजकमा रमेश बलकोटी, सचिवमा राजन कुमार गुरुङ, सहसचिवमा कमल खड्का, कोषाध्यक्षमा बेलमाया गुरुङ रहेको ३० सदस्य रहेका छन् भने सल्लाहकारमा ओम बहादुर पौडेल, राम लामिछाने, अर्जुन मल्ल र डिल बहादुर गुरुङ रहेका संयोजक गुरुङले वताए। साथै यस समितिमा आवश्यकता अनुसार भेग मिलाएर सदस्य थप गर्दै जाने पनि वताइएको छ।

सरोकार समितिले भुमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थीत बसोबासीहरुलाई व्यवस्थापन गर्न सम्बन्धि निकायहरुमा समन्वय गर्ने, भूमिको समस्या समाधान गर्न सम्बन्धित निकायहरुमा माग राख्ने, वाँझिएका भूमि ऐनहरु संसोधन गर्नका लागि सम्बन्धित निकायहरुमा माग राख्ने । यदि माग राख्दा पनि सम्बोधन नभएमा आन्दोलनका कार्यक्रमहरु गर्ने वताईएको छ।

# कांग्रेसलाई एकताबद्ध बनाउन जरुरी छ : महामन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
दमौली, १२ बैशाख

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले पार्टीलाई एकताबद्ध बनाउन जरुरी रहेको बताउनुभएको छ।

कांग्रेस तनहुँको शुक्रबरा यहाँ आयोजित विस्तारित बैठकलाई सम्बोधन गर्दै उहाँले पार्टीभित्रको एकता नै सबैभन्दा ठूलो शक्ति भएकाले एकताको विकल्प नभएको बताउनुभयो।

वर्तमान राजनीतिक परिवेशमा पार्टीलाई मजबुत बनाउन सङ्गठन सुदृढीकरण आवश्यक रहेको औंल्याउँदै महामन्त्री पौडेलले सबै तहका नेता तथा कार्यकर्तालाई साझा उद्देश्यका साथ अघि बढ्न आग्रह गर्नुभयो । "पार्टीभित्र आपसी सहकार्य, समन्वय र विश्वास बलियो बनाउनसके मात्रै नेपाली कांग्रेसलाई अझ सशक्त बनाउन सकिन्छ", उहाँले भन्नुभयो। महामन्त्री पौडेलले कांग्रेसले सुरु गरेको 'जरा अभियान'ले सङ्गठनलाई नयाँ दिशा दिने विश्वाससमेत व्यक्त गर्नुभयो।